# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) बमोजिम
# प्रकाशित त्रैमासिक विवरण
# २०८३ वैशाख देखि २०८३ असार मसान्तसम्म






## २०८३ श्रावण

# जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर
## मानभवन, बागमती प्रदेश, नेपाल

### (क) जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृति

२०७२ असोज ३ मा जारी भएको नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम स्थानीय तहको संरचना अन्तर्गत वि.सं. २०७४ मा सम्पन्न पहिलो स्थानीय तह निर्वाचनको मतपरिणाम पश्चात् जिल्ला समन्वय समिति, ललितपुरको गठन भएको हो । यसको कार्यालय भवन ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ५ स्थित मानभवनमा अवस्थित रहेको छ ।
नेपालको संविधानको धारा २२० को उपधारा (१) मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था रहेको छ । सो अन्तर्गत जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने व्यवस्था उल्लेख गरिएको छ ।

### (ख) जिल्ला समन्वय समितिको कार्यालयको काम, कर्तव्य र अधिकार

अ) नेपालको संविधानको धारा २२० को उपधारा (३) मा जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ । त्यसैगरी धारा २२० को उपधारा (७) अनुसार जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने ।

आ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ को उपदफा (१) मा जिल्ला सभाको काम कर्तव्य र अधिकारको सम्बन्धमा देहायको व्यवस्था गरिएको छ ।
*प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि संविधानको धारा २२० को उपधारा(७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः*

- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफल सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश र संघसँग समन्वय गर्ने,

- जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय र सहजीकरण गर्ने,
- जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,
- नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

इ) त्यसैगरी बागमती प्रदेशले जारी गरेको गाउँ/नगर/जिल्ला सभा सञ्चालन(कार्यविधि) ऐन, २०७५ को दफा ५४ मा जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारका सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरिएको छ ।

*नेपालको संविधान तथा यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-*

- विकास निर्माण कार्यमा स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारका कार्यालयहरु वीच समन्वय र सहकार्य गर्ने,
- जिल्ला भित्रका विकास निर्माण, योजना कार्यान्वयन तथा प्रदेश सरकारले निर्देशन गरे बमोजिम अनुगमन सम्बन्धी कार्य गर्ने,
- जिल्ला भित्रका विभिन्न सूचना, तथ्याङ्क, सरकारी सम्पत्ति लगायतका विषयका अभिलेख अद्यावधिक गर्ने,
- जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासमा सहयोग, समन्वय र प्रोत्साहन गर्न प्रदेश सरकारलाई सुझाव दिने,
- स्थानीय तहहरू बीच उठेका विवाद समाधान गर्न सहजीकरण गर्ने,

- स्थानीय तहको समग्र विकासका लागि अध्ययन, अनुसन्धान, प्रशिक्षण लगायतका कार्यहरू गर्ने,
- आफूले गरेका कामकारबाही सम्बन्धमा सुझाव सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश सरकार समक्ष पेश गर्ने,
- अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

### (ग) कर्मचारि संख्या र कार्य विवरण

**पदाधिकारीहरु**

| क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | ऋषि देव फुँयाल | प्रमुख | ९८५१०१९१४५ | |
| २ | रामलाल थिङ | उपप्रमुख | ९८६३७१४०६२ | |
| ३ | हरिहर कार्की | सदस्य | ९८४१७०१३८० | |
| ४ | दिनेश घोरासइने | सदस्य | ९८५१२१७८८२ | जिसस प्रवक्ता |
| ५ | सुवेर बहादुर पहरी | सदस्य | ९८४१०२६०८१ | |
| ६ | गीता खड्का | सदस्य | ९८४०१३८१५१ | |
| ७ | शोभा महर्जन | सदस्य | ९८४९४५०९३३ | |
| ८ | शोभा कार्की | सदस्य | ९८४१९२९३९४ | |
| ९ | साधुराम श्रेष्ठ | सदस्य | ९८४१९१३०२२ | |
| १० | हरि नारायण वेल्बासे | सदस्य सचिव | ९८५१०५५५४० | जि.स.अ. |

**कर्मचारीहरु**

| क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | हेम प्रसाद ढकाल | शाखा अधिकृत | ९८५१३१३२८८ | |
| २ | विराज पाण्डे | इन्जिनियर | ९७४४३४८७९५ | |
| ३ | उमादेवी भुसाल | नायब सुब्बा | ९८५११३२३७० | |
| ४ | अशोक प्रतियोगी | लेखापाल | ९८५१२२६५२५ | |
| ५ | गरिमा बि.सी | खरिदार | ९८५११११६७१ | |
| ६ | भुवन प्रसाद पाण्डे | कार्यालय सहयोगी | ९८४९५३२११२ | करार सेवा |
| ७ | गोपाल बस्नेत | कार्यालय सहयोगी | ९८१३७३०१४२ | करार सेवा |
| ८ | देव प्रसाद गौतम | हलुका सवारी चालक | ९८१३००६५६५ | करार सेवा |
| ९ | सुदिप महर्जन | हलुका सवारी चालक | ९८४१३०१५१६ | करार सेवा |


## (घ) जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवा

- जिल्ला भित्रका स्थानीय तहहरुबीच समन्वय
- विकास निर्माण सम्बन्धी कार्यको अनुगमन
- जिल्लामा रहने तीनै तहका सरकारी कार्यालयबिच समन्वय
- जिल्ला भित्रका गा.पा र न.पा. बिचको विवाद समाधानका लागि समन्वय र सहजीकरण
- स्थानीय तहहरुको क्षमता विकास सम्बन्धमा प्रदेश र संघसँग समन्वय

## (ङ) शाखा र जिम्मेवार अधिकारी

जिल्ला समन्वय समितिको कार्यालयको संगठन संरचना देहायबमोजिम रहेको छः
२०८०।०६।१६ मा स्वीकृत

**जिल्ला समन्वय समिति, ललितपुरको संगठन संरचना**



## (च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयको जिम्मेवारी अन्तर्गत व्यवस्थापकीय कार्यहरु(समन्वय, अनुगमन, सहजीकरण लगायत) सम्पादन गर्ने तथा प्रत्यक्ष रुपमा वस्तुगत सेवा प्रवाह नगर्ने भएकोले यस कार्यालयबाट प्रवाह हुने सेवा प्राप्तिको लागि छुट्टै दस्तुर नलाग्ने ।

## (छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी

निर्णय प्रक्रियाः सम्बन्धित कानूनमा उल्लेख भए बमोजिम
निर्णय गर्ने अधिकारीः तोकिएको समितिको बैठकबाट, जिल्ला समन्वय समिति प्रमुख, जिल्ला समन्वय अधिकारी
जिल्ला सभाको बैठक
जिल्ला समन्वय समितिको बैठक

## (ज) गुनासो सुन्ने अधिकारी

जिल्ला समन्वय समिति प्रमुख, जिल्ला समन्वय अधिकारी

## (झ) सम्पादन गरेको कामको विवरण

**चौथो त्रैमासिक अवधि (२०८३ वैशाख महिनादेखि असार मसान्त सम्म) मा जिल्ला समन्वय समिति ललितपुरबाट भए गरेका मुख्य प्रशासनिक कार्यहरु**

| सि.नं | कार्यक्रम सम्पन्न मिति | क्रियाकलाप | स्रोत | कार्यक्रम स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८३।०१।११ | पर्यटन प्रवर्द्धन कार्यक्रम | मौज्दात को प्रशासनिक | ल.पु जिल्ला बागमती महांकाल र कोन्ज्योसोम गाउँपालिका रहेका पर्यट स्थलहरु अवलोकन | जि.स.स पदाधिकारी कर्मचारी पत्राकार तथा अन्य सरोकारवाला निकायहरु |

| सि.नं | कार्यक्रम सम्पन्न मिति | क्रियाकलाप | स्रोत | कार्यक्रम स्थान | कैफियत |
|---|---|---|---|---|---|
| २ | २०८२।०२।०१ | LGPAS Focused प्रयोगात्मक अभ्यास | प्रदेश बजेट | जि.स.स. ल.पु सभाहल | स्थानीय तहका विभिन्न सरोकारवाल शाखाका कर्मचारी र जनप्रतिनिधि |
| ३ | २०८३।०२।२२ | कृषि संम्बन्धी नीतिगत बहस अन्तरक्रिया | प्रदेश बजेट | जि.स.स. ल.पु. | जनप्रतिनिधि तथा अगुवा कृषक र कर्मचारीहरु |
| ४ | २०८३।०३।१९ | बेरुजु फछ्र्यौट र स्थानीय कानून निर्माण सम्बन्धी अध्ययन प्रतिवेदनको मस्यौद उपर छलफल र अन्तरक्रिया | प्रदेश बजेट | जिसस लपु सहभाहल | स्थानीय तहका लेखा, विधायन र सुशासन समितिका संयोजक, आले अधिकारी, लेखा शाखा प्रमुख, को प्रमुख(जिल्ला र प्रदेश) तथा जिसस पदाधिकारीहरु |
| ५ | २०८३।०३।२२ | जिल्लाको जिल्ला सभा | मौज्दात कोष प्रशासनिक | जि.स.स.ल.पु | जिल्ला सभाका सदस्य जि.स.स.का पदाधिकारी तथा कर्मचारीहरु |
| ६ | २०८२ कार्तिक देखि २०८३ असार | बेरुजु फछ्र्यौट र स्थानीय कानून निर्माणको अवस्था सम्बन्धी अध्ययन | प्रदेश बजेट | ६ वटै स्थानीय तह जिसस लपु | जिसस लपुका पदाधिकारी एवं कर्मचारीहरु |

### (ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद

कार्यालय प्रमुखः जिल्ला समन्वय अधिकारी श्री हरि नारायण वेल्वासे
सूचना अधिकारीः शाखा अधिकृत श्री हेम प्रसाद ढकाल

### (ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५
- गाउँ/नगर/जिल्ला सभा सञ्चालन(कार्यविधि) ऐन, २०७५ (बागमती प्रदेश)
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- सुशासन(व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली २०७७
- बागमती प्रदेश वातावारण संरक्षण ऐन, २०७७

## (ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

(२०८२ श्रावण १ देखि २०८३ असार मसान्तसम्मको)

**आव २०८२/८३**

| विवरण | बजेट उपशीर्षक नं. | विनियोजन | हालसम्मको खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| संघिय बजेट | ३६५०००१०५३ | १५,५६२,०००.०० | १३,०९१,६२६.१८ | ८४.१३ | असारसम्म |
| प्रदेश बजेट | ३०१०००११३ | २,८००,०००.०० | २,५५३,७११.०० | ९१.२० | असारसम्म |
| मौज्दात कोष (विविध) | | १६४,६४०,७३४.०० | ५९,१४०,८००.०० | ३५.९२ | असारसम्म |
| **घरभाडा आम्दानी** | २२४००१६ | | | | |

**बैंक मौज्दात**

| खाता नं | रकम | विवरण |
|---|---|---|
| ०२११६००१८६९०४०१३ | ० | सम्पूर्ण रकम राजस्व दाखिला गरी खाता बन्द गरी कर्मचारी कल्याण कोषमा भएको सम्पूर्ण रकम को ले नि का विविध खातामा दाखिला |
| ०२११६००१८३४८८०१९ | ० | |

**धरौटी**

| | |
|---|---|
| गत वर्षको अ. ल्या. | २८९३७३९.८१ |
| यो वर्षको आम्दानी | ० |
| फिर्ता | ४३७७१८.९६ |

## (ड) जिल्ला समन्वय समिति र स्थानीय तहसँगको लागत साझेदारीको अवस्था

जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम विभिन्न स्थानीय तहहरुसँग पूर्वाधार निर्माणमा लागत साझेदारी गरिएका योजनाहरुमा भएको भुक्तानी विवरण देहाय अनुसार रहेको छः

**स्रोत सहमति र भुक्तानी विवरण रकम रु. आ.व. २०८२।८३ मा**

| स्थानीय तह | सहमति दिएको | भुक्तानी भएको |
|---|---|---|
| कोन्ज्योसोम गाउँपालिका | ७३५२४९०० | ६१५८५३६६ |
| बागमती गाउँपालिका | ६१८३१४२० | ५५६२४०८५ |
| महांकाल गाउँपालिका | ५३७४९११९ | ५४९२४४६७ |
| ललितपुर महानगरपालिका | ४८९५५६९३ | ३४२६८९८५ |
| महालक्ष्मी नगरपालिका | ४0000000 | 0 |
| गोदावरी नगरपालिका | १३३५00000 | ७0११८५९५ |
| जम्मा | ४११५६११३२ | २७६५२१४९९ |

## (ढ) अन्य विवरण

कार्यालयको सम्पर्क विवरण
Website: www.dcclalitpur.gov.np
Email: dcclatcoco2075@gmail.com
टेलिफोन नं.: ०१४५५३७४७
ठेगानाः ललितपुर महानगरपालिका वडा नं. ५, मानभवन, ललितपुर